# बित्थडचिर गाउँपालिका, बझाङ
# आर्थिक वर्ष २०८०।०८१ को
# बजेट बक्तव्य

बित्थडचिर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउलेख, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८० असाढ २२ गते

**“कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्ध बित्थडचिरको आधार”**

सभाध्यक्ष मोहदय,

गाउँसभाका सदस्य ज्यूहरु, उपस्थित विभिन्न राजनीतिक दलका जिम्मेवार प्रतिनिधि ज्यू, विभिन्न तह र तप्कामा रहि कार्यरत सम्मानित व्यक्तित्वहरु, राष्ट्रसेवामा समर्पित राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु, उपस्थीत पत्रकार महानुभावहरु, नागरीक समाज साथै सम्मानीत बित्थडचिर वासी आमजनसमुदायहरु,

यस बित्थडचिर गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले दोस्रो पटक यस सम्मानित गाउँ सभामा आ. व. २०८०।८१ को बजेट बक्तव्य पेश गर्न पाउँदा हर्षित भएकी छुँ । मुलुक संघिय सासन प्रणालीमा गए पश्चात जारी नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले गरेको संवैधानिक व्यवस्था अनुरुप भयको स्थानिय तहको ऐतिहासिक दोस्रो निर्वाचन बाट निर्वाचित गाउँसभामा गाउँपालिकाको दोस्रो निर्वाचित स्थानिय सरकारको दोस्रो बार्षिक कार्यक्रम तथा बजेट यहाहरु माझ लियर उपस्थित भयकि छुँ । यस विशिष्ट अवसरमा राज्य लाई आजको अवस्था सम्म ल्याई पुर्याउन समयको विभिन्न काल खण्डमा देश निर्माण तथा राज्य व्यवस्था परिवर्तनका लागी आफ्नो अमूल्य जिवन समर्पण गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्दान्जली व्यक्त गर्दछुँ । साथै बेपत्ता तथा घाईतेहरु र निजहरुका आश्रित परिवार जनहरु प्रति समेत उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण बित्थडचिर वासी आम जनताहरु प्रति हार्दिकता पूर्वक सम्मान व्यक्त गर्दछुँ ।

श्रद्धेय सभाध्यक्ष मोहदय, स्थानीय सरकारलाई नेपालको वर्तमान संविधान तथा लोकतान्त्रिक शासन व्यवस्थाको रक्षा गर्ने एक खम्बाको रुपमा लिँदै सामाजिक न्याय सहितको समृद्द र आर्थिक सामाजिक एवमं सांस्कृतिक रुपान्तरणको पक्षमा पूर्ण समर्पणका साथ क्रियाशिल हुने हामी जन-निर्वाचित प्रतिनिधिहरु शासक नभई जनताका सेवक हौं भन्ने कुरालाई मनन गर्दै जनताको सेवा गर्न वाट कहिल्यै बिचलित नहुने र बित्थडचिर वासी जनताको जनजिवनमा सकारात्मक रुपले तात्वीक परिवर्तन ल्याउन निरन्तर प्रयासरत रहने संकल्प समेत व्यक्त गर्दछौं ।

सभाका सदस्य ज्यूहरु,

श्रद्धेय सभाध्यक्ष मोहदय, सम्मानित गाउँसभामा पेश भएको बित्थडचिर गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रममा उल्लेखित वर्तमान स्थानिय सरकारको लक्ष्य तथा उद्देश्य अनुरुपका कार्यक्रमहरु लाई मुर्त रुप दिन तथा कार्यान्वयन गर्न आर्थिक बर्ष २०७८।०७९ को यथार्थ बजेट, आर्थिक बर्ष २०७९।०८० को शंसोधित बजेट र आगामी आर्थिक बर्ष २०८०।०८१ को अनुमानित बजेट यस सम्मानित सभामा प्रश्तुत गर्ने अनुमति चाहन्छु ।

**अव म आ.व. २०७८।०७९ को यथार्थ आय व्ययको विवरण यस सम्मानित सभामा प्रश्तुत गर्दछुँ ।**

| क स | बजेट स्रोत | जम्मा बजेट |
|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान संघ सरकार | १० करोड ७५ लाख |
| २ | सशर्त अनुदान संघ सरकार | १९ करोड ८४ लाख ९९ हजार |
| ३ | विषेश अनुदान संघ सरकार | १ करोड २६ लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | १ करोड ३७ लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ५ करोड ३० लाख ९ हजार |
| ६ | वित्तीय समानिकरण प्रदेश सरकार | ७६ लाख ५५ हजार |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | १५ लाख ४ हजार |
| ८ | विषेश अनुदान प्रदेश सरकार | ५० लाख |
| ९ | समपुरक अनुदान प्रदेश सरकार | ३७ लाख |
| १० | राजश्व बाँडफाँड प्रदेश सरकार | ११ लाख ३६ हजार ५ सय ६७ |
| ११ | गत वर्षको अल्या | १ करोड ८० लाख ९ हजार ५ सय ७७ |
| १२ | आन्तरिक आम्दानी | २१ लाख ३२ हजार ६ सय ३४ |
| १३ | सामाजिक सूरक्षा तर्फ | ९ करोड १० लाख ७५ हजार ९ सय २० |
| १४ | यूनिसेफ कार्यक्रम | ४१ लाख २६ हजार ५ सय २६ |
| १५ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १ करोड २५ लाख ९९ हजार |

| | | |
|---|---|---|
| | जम्मा आय | ५३ करोड २२ लाख ४७ हजार २ सय २४ |
| | जम्मा खर्च | ४७ करोड ५० लाख १सय ९४ |
| | बैङ्क मौज्दात | १ करोड ६६लाख ७८हजार ६सय २९ |
| | निकासा फिर्ता | ४ करोड ५लाख ६८हजार ३सय १ |

**अव म आ.व. २०७९।०८० को शंसोधित आय व्ययको विवरण यस सम्मानित सभामा प्रश्तुत गर्दछुँ ।**

| **क्र. स.** | **बजेट स्रोत** | **जम्मा बजेट** |
|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान संघ सरकार | ११ करोड २९ लाख |
| २ | सशर्त अनुदान संघ सरकार | २१ करोड ८५ लाख ५० हजार ४ सय ५ |
| ३ | विषेश अनुदान संघ सरकार | ५५ लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | १ करोड २० लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ७ करोड ९३ लाख ३५ हजार |
| ६ | वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | ८० लाख ७७ हजार |
| ७ | विषेश अनुदान प्रदेश सरकार | २५ लाख |
| ८ | समपुरक अनुदान प्रदेश सरकार | ७४ लाख ६५ हजार |
| ९ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३ लाख ६२ हजार |
| १० | गत वर्षको अल्या रकम | १ करोड ६६ लाख ७८ हजार ७ सय २९ |
| ११ | आन्तरिक आय अनुमानित | ६० लाख |
| १२ | सामाजिक सूरक्षा तर्फ | ९ करोड ११ लाख ४८हजार |
| १३ | प्रशासनिक भवन निर्माण | ६५ लाख |
| १४ | यूनिसेफ कार्यक्रम | २२ लाख |
| १५ | निकाशा रोक्का (संघ।प्रदेश समानिकरण अनुदान) | १ करोड ५३ लाख |

| | | |
|---|---|---|
| | जम्मा आम्दानी तर्फ | ५५ करोड ५० लाख १६ हजार १ सय ३४ |
| | हाल सम्मको जम्मा खर्च तर्फ | ४३ करोड ५० लाख ११ हजार १ सय ५२ |
| | बाकी बजेट | १२ करोड ४ हजार ९ सय ८२ |

**अव म आ.व. २०८०।०८१ को अनुमानित आय व्ययको विवरण यस सम्मानित सभामा प्रश्तुत गर्दछुँ।**

| **क्र.स.** | **बजेट स्रोत** | **जम्मा बजेट** |
|---|---|---|
| १ | वित्तीय समानिकरण संघ सरकार | १० करोड ३ लाख |
| २ | सशर्त अनुदान संघ सरकार | १८ करोड ५ लाख |
| ३ | विषेश अनुदान संघ सरकार | ५० लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | ५० लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ७ करोड ७७ लाख ३७ हजार ७ सय |
| ६ | वित्तीय समानिकरण प्रदेश सरकार | ८५ लाख २६ हजार |
| ७ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४ लाख ४९ हजार |
| ८ | आन्तरिक आय | ६० लाख |
| ९ | सामाजिक सूरक्षा तर्फ | १४ करोड |
| १० | मनोसामाजिक परामर्सकर्ता तर्फ | ६ लाख |
| | **आगामी आर्थिक वर्षको कुल आय अनुमान** | **५२ करोड ५१ लाख १२ हजार ७ सय** |

श्रद्धेय अध्यक्ष महोदय, अब म माथि उल्लिखित आगामी आ.व. २०८०।०८१ को अनुमानित कुल बजेटमा चालु तर्फ रु २६ करोड ९५ लाख ७८ हजार ८ सय ९०(२६,९५,७८,८९०), पुँजिगत तर्फ रु ११ करोड ५५ लाख ३३ हजार ८ सय १० (११,५५,३३,८१०), संघिय सरकार वाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु १४

करोड (१४,००,००,०००) खर्च प्रश्ताव गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष पेश गर्दछुँ ।

आगामी आ.व. २०८०।०८१ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको निर्णयअनुशार तपसिल बमोजिमको बिनियोजित बजेट पेश गर्दछुँ।

| क्र.स. | विवरण | प्रस्तावित बजेट |
|---|---|---|
| १ | संघ तथा प्रदेश समपुरक अनुदानका आयोजना | २ करोड ९ लाख |
| २ | बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय म्याचिङ फन्ड | १५ लाख |
| ३ | न्यायीक क्षेत्र र स्वास्थ्य सेवा प्रबर्धन तथा विस्तार | १० लाख |
| ४ | चालु आ.व. को निकासा रोक्का भइ जिम्मेवारि सरेको | १ करोड ५३ लाख |

अव म विषयगत तथा क्षेत्रगत रुपमा गरियको बजेट विनियोजन यस सम्मानित सभामा पेश गर्दछुँ ।

| क्र.स. | विवरण | प्रस्तावित बजेट |
|---|---|---|
| १ | आर्थिक विकास | ३७ लाख ६७ हजार |
| २ | सामाजिक विकास | ४ करोड ८५ लाख ३३ हजार |
| ३ | भौतिक पुर्वाधार विकास | १ करोड ५ लाख ७६ हजार |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | ३० लाख |
| ५ | सुशासन तथा संस्थागत विकास | ३२ लाख |

सभाध्यक्ष ज्यु, यस गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरुमा वडा न. २ देखि ८ लाई प्रति वडा रु ८ लाखका दरले र वडा न. १ र ९ लाइ प्रति वडा रु ९ लाख ८८ हजारका दरले जम्मा रु ७५ लाख ७६ हजार वडा विकास कार्यक्रमका लागि विनियोजन गरेको व्यहोरा सम्मानित सभालाइ जानकारि गर्दछुँ ।
राजश्व बाँडफाँड वाट प्राप्त हुने अनुमानित रकम रु. ७ करोड ९१ लाख ८६ हजार ७ सय चालु खर्च तर्फ विनियोजन प्रश्ताव गरेकी छुँ ।

श्रद्धेय सभाध्यक्ष मोहदय, अब म माथि उल्लेखित आ. व. २०८०।०८१ को बजेट तथा कार्यक्रम कार्यन्वयनका लागि तपशिल बमोजिमका विधेयकहरु यस सम्मानित सभामा पेश गर्दछुँ ।

१. बित्थडचिर गाउपालिकाको आर्थिक विधेयक -२०८०
२. बित्थडचिर गाउपालिकाको विनियोजन विधेयक -२०८०

साभाध्यक्ष ज्यु तथा गाउँ सभा सदस्य ज्युहरु यस बित्थडचिर गाउँपालिकाको दोस्रो स्थानिय तह सदस्य निर्वाचन वाट निर्वाचित स्थानिय सरकारले यस सम्मानित सभामा पेस गरेको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि मैले पेश गरेको बजेट कोशेढुङ्गा सावित हुनेछ । यस गाउँपालिकाको समाजिक, आर्थिक, भौतिक लगायत सम्पुर्ण क्षेत्रको बिकासमा सुधार भइ जनताको जनजिविकाको सवालमा उल्लेखनिय परिवर्तन हुनेछ र दुर दराजका जनताले स्थानिय सरकारको प्रभावकारि उपश्थिति महसुस गर्नेछन भन्ने विश्वास लियकी छुँ ।प्रश्तुत बजेट तथा कार्यक्रमको प्रभावकारि कार्यान्वयनमा सम्पुर्ण जनप्रतिनिधि, आम गाउँपालिका वासी तथा सरोकारवाला सबै बाट सकारात्मक सहयोग तथा रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गरेकि छुँ।
प्रश्तुत बजेट तयार पार्न मार्ग-निर्देश गर्नु हुने आदरणिय अध्यक्ष ज्यु। सहयोग गर्नु हुने सम्पुर्ण वडाअध्यक्ष ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, कार्यपालिका अन्तर्गतका बिभिन्न

विषयगत समितिका संयोजक तथा सदस्य ज्युहरु, गाउँपालिकाका शाखा प्रमुख कर्मचारि मित्रहरु, स्थानिय समाजसेवि बिद्धिजिवी लगायत आम बित्थडचिर वासी नागरिकहरुमा हृदय देखिनै आभार ब्यक्त गर्दछु साथै धन्यवाद समेत दिन चाहन्छुँ।

**धन्यवाद ।**

धनलक्ष्मी कुमारि सिंह मल्ल

उपाध्यक्ष